**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालमा मतदाता सूची विशेष गहन पुनरीक्षण अन्तर्गत पहिलो चरणमा लगभग 32 लाख चिह्नित नभएका मतदाताहरुलाई सुनवाईको लागि बोलाइने छ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण -को दोस्रो चरण शुरू हुनपूर्व मुख्यमन्त्री ममता ब्यनर्जीले पार्टीका बूथ स्तरीय सहायकहरूलाई स्पष्ट दिशा निर्देश दिनुभएको छ।

- खरसाङको कटलेरी रोडको पूलको निर्माण कार्य शुरु गरिएको छ।

- युनाइटेड ट्याक्सी सेन्डिकेट वेलफेयर एसोसिएशनले औपचारिक रूपमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठनको रूपमा आवद्ध भएको छ।

- फुटबल स्टार लियोनेल मेस्सीको १३ डिसेम्बरमा सल्ट लेक स्टेडियममा आयोजित कार्यक्रममा भएको कथित अराजकता र तोडफोडको बारेमा केन्द्रीय एजेन्सी अनुसन्धानको माग गर्ने याचिकामा कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले हिजो आफ्नो आदेश सुरक्षित राखेको छ|

**पश्चिम बंगाल - मतदाता सूची - सुनवाई**

पश्चिम बंगालमा मतदाता सूची विशेष गहन पुनरीक्षण अन्तर्गत पहिलो चरणमा लगभग 32 लाख चिह्नित नभएका मतदाताहरुलाई सुनवाईको लागि बोलाइने छ। राज्यका मुख्य चुनाव अधिकारी कार्यालयका अधिकारिहरुले बताए अनुसार गणनाको अवधि, राज्य भरमा कुल 31 लाख 68 हज़ार 424 अचिह्नित मतदाताहरु चिन्हित गरिएको थियो। अधिकारीहरूका अनुसार सन् २००२ को मतदाता नामावलीमा परिवारका सदस्यहरूबाट नाम नभएका मतदाताहरूको सुनुवाइ २७ डिसेम्बरदेखि सुरु हुनेछ। निर्वाचन अधिकारीहरुका अनुसार हिजदेखि लगभग १० लाख मतदातालाई नोटिस पठाइएको छ भने आज मंगलबारदेखि थप २२ लाख मतदातालाई नोटिस जारी गरिनेछ। जिल्ला मजिस्ट्रेटका कार्यालय, उपविभागीय कार्यालय, विभिन्न सरकारी विभाग, विद्यालय र कलेजमा मतदाता सूचीकृत नभएका मतदाताको सुनुवाइ हुनेछ |

प्रत्येक सुनुवाइ एक राज्य अधिकारी-माइक्रो अब्जर्वरको सुपरिवेक्षणमा आयोजित गरिनेछ। यस्ता ४ हजार सुपरभाइजरलाई २४ डिसेम्बरमा कोलकातामा दुई चरणमा प्रशिक्षण दिइनेछ |

**एसआईआर(मुख्यमन्त्रीले)**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर)- को दोस्रो चरण शुरू हुनपूर्व मुख्यमन्त्री एवं तृणमूल कंग्रेस प्रमुख ममता ब्यनर्जीले पार्टीका बूथ स्तरीय सहायकहरूलाई स्पष्ट दिशा निर्देश दिनुभएको छ।हिजो सोमवार कोलकाताको नेताजी इण्डोर स्टेडियममा आयोजित सम्मेलनलाई सम्बोधन गर्नु हुदै उहाँले भन्नुभयो, सम्पूर्ण प्रक्रियामा सतर्कता, पारदर्शिता औ धरतालीय स्तरमा सक्रियता आवश्यक छ ताकि कुनै पनि पात्र मतदाता सूचीदेखि बाहिर नरहोस्।

मुख्यमन्त्री ममता ब्यनर्जीले भन्नुभयो- मृत, स्थानान्तरित औ अनुपस्थित मतदाताहरूको सूची आधिकारिक वेबसाइटसँगसँगै जिल्ला, महकुमा, खण्ड एवं नगरपालिका कार्यालमा प्रकाशित गरिनेछ। यी सूचीहरूको आधारमा बूथ स्तरीय सहायकहरूले घर-घरमा पुगेर सत्यापन गर्नुपर्छ ताकि यो सुनिश्चित गर्न सकियोस् कि नाम हटाइएका वा अनुपस्थित देखाइएका मतदाताहरू वास्तवमै त्यहाँ बस्छन् कि बस्दैनन्। यदि यस्ता मतदाताहरू पाइए उनीहरूलाई पुनः नाम दर्ता गराउनको लागि प्रपत्र 6 तथा परिशिष्ट 4 निर्वाचन

पञ्जीकरण अधिकारी समक्ष जमा गराउनमा सहयोग गर्नुपर्छ। मुख्यमन्त्रीले ती मतदाताहरूमाथि पनि विशेष ध्यान दिनको लागि आग्रह गर्नुभयो, जसलाई बूथ स्तर अधिकारीहरूले अमानचित्रित रूपमा चिन्हित गरेका छन्। उहाँले निर्देश पनि दिनुभयो-यस्ता सबै मतदाताहरूलाई नोटिस प्राप्त भएको छ-छैन तथा उनीहरूलाई सुनवाईको लागि 2002 सालको मतदाता सूचीको प्रति एवं चुनाउ आयोगद्वारा निर्धारित 11 प्रमाण पत्रहरूमध्ये कुनै एउटालाई लिएर तयार छ -छैन त्यो हेरियोस्। आवश्यक दस्तावेज नभएका मतदाताहरूलाई स्थायी आवास प्रमाण पत्र वा अनुसूचित जाति, अनुसूचित जनजाति अथवा अन्य पछौटे वर्ग प्रमाण पत्रको लागि तुरून्तै आवेदन गर्ने सल्लाह दिइयोस । यस प्रक्रियालाई सहज बनाउनको लागि खण्ड विकास अधिकारी कार्यालयमा सरकारी शिविर आयोजाना गरियोस्। मुख्यमंत्रिले भन्नुभयो-, बूथ स्तर अधिकारीहरूको मोबाइल अनुप्रयोगमा जुन मामिलाहरूलाई तार्किक विसंगतिको रूपमा चिन्हित गरिको छ त्यसमाथि विशेष नजर राख्नुपर्छ साथै यो सुनिश्चित गर्नुपर्छ-मतदाताहरू सबै आवश्यक दस्तावेजको साथमा सुनवाईमा उपस्थित होउन्। मुख्यमन्त्रीले स्पष्ट रूपमा भन्नुभयो , सुनवाईमा मतदाताहरूलाई कुनै पनि प्रकारको अनावश्यक समस्याको सामना गर्न नपरोस्। यसको लागि बूथ स्तरमा शिविर आयोजना गर्ने अनि विधायक, खण्ड अध्यक्ष एवं पार्षदहरूलाई जिम्मेवारी निरावह गर्ने निर्देश दिइयोस। उहाँले चेताउनी दिनुभयो , काम नगर्ने नेताहरूलाई बदल्न सकिन्छ र राम्रो काम गर्नेहरूलाई अग्रिम जिम्मेवारी दिइनेछ। मुख्यमन्त्रीले प्रपत्र 6 र प्रपत्र 8 को माध्यमबाट दिरहेको आवेदनहरूमाथि कड़ा निगरानी राख्न निर्देश दिनुभयो। उहाँले भन्नुभयो-20 वर्ष वा योभन्दा अधिक उमेरका आवेदकहरूको मामिलामा विशेष जाँच आवश्यक छ। साथै उहाँले नाम कटाउनेसित सम्बन्धित आवेदनहरूमाथि स्थानीय स्तरमा सत्यापनलाई महत्वपूर्ण बताउनुभयो।

**तृणमूल-बैठक**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको प्रक्रिया बीच तृणमूल कांग्रेसले वर्षको अंतमा एउटा ठुलो राजनैतिक सभा गर्नेछ। तृणमूल सुप्रीमो अनि मुख्यमंत्री ममता बनर्जीले आगामी 30 दिसंबर को दिन बांकुड़ा जिलाको बड़जोड़ा कॉलेज मैदानमा जनसभा गर्नुहुनेछ।

**गोले**

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ (गोले) ले हिजो दार्जिलिङको भ्रमण गर्नुभयो। यस अवधि उहाँले अन्य विशिष्ट व्यक्तिहरूसाथै बिशप हाउस परिसरमा बिशप स्टीफन लेप्चाको ७३ औं जन्मदिन समारोहमा भाग लिनुभयो।

**रोड-निर्माण**

जीटीएका मुख्य कार्यपाल अनित थापाको सहयोग अनि सभासद श्याम शेर्पा र गाउँलेहरुको पहलमा खरसाङको कटलेरी रोडको पूलको निर्माण कार्य शुरु गरिएको छ। वार्ड नम्बर ३ अन्तर्गत कटलेरी रोड सन्त अल्फनसेस प्राईमेरी स्कूल छेउको पूल क्षति भएकोले गाडीहरुको यतायत बन्द भएको थियो। यो बाटो भएर सन्त जोसेफ प्राईमेरी स्कुल, वार्ड नम्बर २, ३ र ४ का वासिन्दाहरु साथै डाउहिल रोड र राष्ट्रिय राजमार्ग जोड्ने यो एउटा महत्त्वपूर्ण रोड रहेकोले यस रोडको पूल क्षति हुँदा धेरैलाई असुविधा भएको बताइएको छ। आज २८ नम्बर समष्टिका सभासद श्याम शेर्पाद्वारा सिँचाई विभागका अभियान्ताहरु अनि अन्य कर्मचारीहरु लिएर कार्य निरीक्षण गरिएको छ। सबैले कार्य शुरु भएकोमा हर्ष प्रकट गर्दै जीटीए चिफ अनि क्षेत्रीय सभासदलाई धन्यवाद दिएका छन्।

**चियाबगान**

दार्जीलिङको लङभ्यू चिया बगानका श्रमिकहरूले लगातार तीन महिनाको ज्याला र छ महिनाको वेतन पाएका छैनन्। हिल प्लान्टेसन इम्प्लोइज युनियन लङभ्यू युनिटले नियमित वेतन र ज्यालाको माग गर्दै आन्दोलन गरिरहेको छ। बगान मालिक **गोविन्द गर्ग** ले प्रबन्धक एपी सिंह मार्फत श्रमिकहरूलाई वेतन विहीन काममा खटाइराखेको जनाइएको छ। बारम्बार बैठक र श्रम विभागका आदेशका बाबजुद पनि बगान मालिकले श्रमिकहरूको माग पूरा नगरिएको पनि बताइएको छ। यी मध्ये धेरै श्रमिक इसाई धर्ममा विश्वास राख्नेभएको ले क्रिसमसको पर्व नजिकिँदै गर्दा उनीहरू आर्थिक तनावमा रहेको बताइएको छ।

**युनाइटेड ट्याक्सी सेन्डिकेट**

युनाइटेड ट्याक्सी सेन्डिकेट वेलफेयर एसोसिएशनले औपचारिक रूपमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठनको रूपमा आवद्ध भएको छ। दार्जीलिङस्थित पार्टीको केन्द्रीय कार्यालयमा आयोजित विशेष कार्यक्रममा यस संगठनले पार्टीको झण्डा ग्रहण गरेको हो।

**कोलकाता मेस्सी घटना**

अर्जेन्टिनाका फुटबल स्टार लियोनेल मेस्सीको उपस्थितिलाई लिएर १३ डिसेम्बरमा सल्ट लेक स्टेडियममा आयोजित कार्यक्रमको क्रममा भएको कथित अराजकता र तोडफोडको बारेमा केन्द्रीय एजेन्सी अनुसन्धानको माग गर्ने याचिकामा कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले हिजो आफ्नो आदेश सुरक्षित राख्यो।

कार्यवाहक मुख्य न्यायाधीश सुजय पल र न्यायमूर्ति पार्थ सारथी सेनको डिभिजन बेन्चमा दायर गरिएका जनहित याचिकाहरूको सुनुवाइ सकिएपछि अदालतले आफ्नो निर्णय सुरक्षित राख्ने निर्णय गऱ्यो। निवेदनहरूले दुई प्रमुख मागहरू राखेका थिए|कार्यक्रमको क्रममा भएको अराजकताको केन्द्रीय एजेन्सी अनुसन्धान र टिकट बिक्रीमा कथित आर्थिक अनियमितताको अनुसन्धान हो|सुनुवाइको क्रममा, निवेदकहरूले तर्क गरे - मुख्यमन्त्री ममता बनर्जीद्वारा गठित उच्च अदालतका एक सेवानिवृत्त न्यायाधीशको नेतृत्वमा रहेको अनुसन्धान समिति र राज्य पुलिसको विशेष अनुसन्धान टोलीलाई विश्वास गर्न सकिँदैन। त्यसैले, निष्पक्ष र स्वतन्त्र अनुसन्धान गर्न केन्द्रीय एजेन्सी आवश्यक छ।

निवेदकका वकिलहरूले मेस्सीलाई सल्ट लेक स्टेडियममा उनको निर्धारित उपस्थितिभन्दा पहिले धेरै अन्य अनियोजित कार्यक्रमहरूमा उपस्थित हुन बाध्य पारिएको आरोप पनि लगाए। यी कार्यक्रमहरू प्रभावशाली व्यक्तिहरूलाई जिम्मेवार ठहराइएको थियो। त्यसैले मेस्सी मुख्य कार्यक्रममा ढिलो आइपुगे।यस विषयमा उच्च अदालतको आदेश अब पर्खिरहेको छ।

****** ० ******